# <u>कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५</u>

<u>**प्रस्तावना:**</u> भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायत अन्य आकस्मिक वा अप्रत्याशित कारणवाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल चाहिने खर्चको लागि व्यवस्था गर्न प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २१२ बमोजिम कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस ऐनको नाम **"कर्णाली प्रदेश आकस्मिक कोष ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा**</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

३. <u>**प्रदेश आकस्मिक कोषको स्थापना**</u> : कर्णाली प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिने छ ।

४. <u>**प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकम :**</u> प्रदेश सञ्चित कोषवाट रू.२,००,००,०००।- (दुई करोडरुपैंयाँ मात्र) झिकी त्यस्तो रकम कर्णाली प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको छ ।

५. <u>**प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने :**</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

६. <u>**प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने :**</u> प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

७. <u>**प्रदेश आकस्मिक कोष सञ्चालन :**</u> (१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची (१) बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ ।

८. <u>**आकस्मिक कोषबाट खर्चको निकासाको माग :**</u> (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रूपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रूपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो सोको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएमा मन्त्रालयले मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) आकस्मिक कोषबाट खर्च भएको रकमको विवरण प्रदेश सभाको सम्बन्धित विषयगत समितिमा पठाउनु पर्नेछ ।

९. **<u>खर्च रकम सोधभर्ना गर्नुपर्ने :</u>** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नुपर्नेछ ।

१०. **<u>आकस्मिक कार्य पूरा भएको सूचना गर्ने :</u>** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ ।

११. **<u>खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने :</u>** प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि सो अधिकारीले त्यस्तो जानकारी मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ ।

१२. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची(१)

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आकस्मिक कोषको स्रेस्ता**

आकस्मिक कोषको रकम रु. ........................................................ अक्षरेपी.....................................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र सङ्ख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पूरा भएको मिति | आकस्मिक कामपछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिव वा निजले तोकेको अधिकृतको दस्तखत .......

मिति: ................